# विकासशील मुलुकमा स्तरोन्नतिको आधार



डा. रत्नाकर अधिकारी
प्रमुख कार्यकारी निर्देशक,
साउथ एशिया वाच अन ट्रेड इकोनमिक्स एण्ड इन्भायरोन्मेण्ट (सावती)

नेपाल अतिकम विकसित मुलुकबाट विकासोन्मुख मुलुकमा स्तरोन्नति हुनु आवश्यक छ भन्नेमा दुईमत छैन । नेपाललाई सन् २०२२ सम्म विकासोन्मुख राष्ट्रका रूपमा स्थापित गराउने प्रतिबद्धता सरकारले व्यक्त गरेको हो भने त्यो सकारात्मक छ । तर, हामीले तोकेको लक्ष्यअनुरूप उपलब्धि हासिल हुन्छ कि हुँदैन र त्यो उपलब्धि हासिल गर्न के गर्नुपर्छ भन्नेचाहिं महत्त्वपूर्ण हो । कुनै पनि मुलुकले अतिकम विकसित राष्ट्रबाट विकासोन्मुख राष्ट्र बन्न तीनओटा मापदण्ड पूरा गरेको हुनुपर्छ - आय सूचकाङ्क, मानव सम्पत्ति सूचकाङ्क (ह्युमन एसेट इण्डेक्स (एचएआई) र अर्थतन्त्रको जोखीम सूचकाङ्क (इकोनोमिक भल्नराबिलिटी इण्डेक्स (इभीआई) । यी तीनमध्ये सन् २०२२ सम्ममा प्रतिव्यक्ति आयको मापदण्ड नेपालले पूरा गर्न सक्ने सम्भावना छ । किनभने, अहिलेको मापदण्डअनुसार अल्पविकसित मुलुकमा स्तरोन्नति हुन १ हजार १ सय ९० अमेरिकी डलर प्रतिव्यक्ति आम्दानी पुग्नुपर्छ । आगामी १० वर्षमा त्यसमा वृद्धि गरी १ हजार ४ सय डलरसम्म पुग्ने सम्भावना छ । राष्ट्रिय योजना योजना आयोगले तय गरेको लक्ष्यअनुरूप ६ देखि ६ दशमलव ५ प्रतिशतसम्मको वार्षिक आर्थिक वृद्धिदर कायम हुने हो भने त्यो थ्रेसहोल्ड प्राप्त गर्न समस्या रहँदैन । कम्तीमा ५ प्रतिशतसम्मको आर्थिक वृद्धिदरले पनि प्रतिव्यक्ति आयलाई भेट्टाउन सक्ने सम्भावना छ ।

मानव सम्पत्ति सूचकाङ्क (एचएआई) को सन्दर्भमा पनि नेपालको राम्रो सम्भावना देखिएको छ । शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइजस्ता क्षेत्रमा नेपालले पछिल्लो समय ठूलो प्रगति गरेको छ । सेवामूलक क्षेत्रमा निजीक्षेत्रको प्रवेश भएपछि सेवा अझ गुणस्तरीय बन्दै गइरहेको छ । शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रमा मुख्यतः राज्यले लगानी गर्नुपर्ने हो । तर, निजीक्षेत्रले यी काममा जुन अग्रसरता देखाएको छ, त्यसलाई राज्यले उचित मूल्याङ्कन गर्नुपर्छ । निजीक्षेत्रले यी क्षेत्रमा लगानी गरिदिंदा राज्यले आफ्नो पूंजी सिमान्तकृत तथा पिछडिएका वर्गको उत्थानका लागि लगाउन सकेको छ । यसबीचमा केही बिकृतिहरू देखापरेका छन्, जसलाई निराकरण गर्दै जानुपर्छ ।

तेस्रो मापदण्ड अर्थतन्त्रको जोखीम (इभीआई)अन्तर्गत एउटा एकत्रित निर्यात सूचकाङ्क (एक्सपोर्ट कन्सण्ट्रेशन इण्डेक्स) पर्छ । दोस्रो, प्राकृतिक बिपद्का कारण उत्पन्न हुने जोखीमलाई पनि यसले समेटेको छ । निर्यात गर्ने वस्तुलाई आधार मानेर हेर्ने हो भने नेपाल निर्यात विविधीकरण भएको मुलुक हो । विश्वका अतिकम विकसित मुलुकहरूमध्ये नेपाल सबैभन्दा धेरै निर्यात विविधीकरण भएको मुलुकमध्ये एक हो । संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद् (इकोसक) को यो मापदण्डअनुसार यो सूचकाङ्कमा नेपालले राम्रै अङ्क पाउँछ । तर, बजारका हिसाबले हेर्ने हो भने नेपालको भारतमा मात्रै नेपालको दुईतिहाइ निर्यात हुन्छ । यस अवस्थामा भारतले उसको नीतिमा सामान्य परिवर्तन गरिदियो भने त्यसको तत्काल असर नेपालको निर्यातमा पर्छ । यो ठूलो जोखीम हो । तर, इकोसकले यसलाई आफ्नो मापदण्डमा राखेको छैन । त्यसो हुँदा यस किसिमका जोखीमका बिषयमा हामी आफैं सचेत हुनु आवश्यक छ ।

नेपाल विकासोन्मुख मुलुकमा स्तरोन्नति गर्ने विषयलाई हामीले 'सार'मा होइन 'रूप'मा मात्रै हेरेका छौं । सारमा विश्लेषण गर्दा यो प्रक्रियामा धेरै चुनौती छन् । गर्नुपर्ने काम पनि धेरै नै छन् । तर, नेपालको स्तरोन्नति हुन सक्छ र हुनु पनि पर्छ । त्यसका पनि केही आधार छन् । आगामी दिनमा नेपालमा विकासका गतिविधिले तीव्रता पाउन सक्ने पर्याप्त सम्भावना छन् । निर्यात बढाउन सक्ने सम्भावना पनि छ । तर, त्यसअघि हाम्रो उत्पादन र उत्पादकत्व क्षमतामा वृद्धि हुनु जरूरी छ । हाम्रो अहिलेको समस्या ऊर्जासङ्कट हो । तर, यो दीर्घकालीन समस्या भने होइन । बिसं २०७५ पछि नेपाल लोडशेडिङमुक्त राष्ट्र बन्दै छ भनिएको छ । यदि यो साँचो हो भने त्यसपछिको समयमा नेपालले ठूलो परिणाममा वस्तु उत्पादन र वितरण गर्न सक्ने देखिन्छ । तर, बढी निर्यात गरेर मात्रै हामीलाई फाइदा हुने होइन । हामीले निर्यात गर्ने बस्तुमा बढीभन्दा बढी मूल्य अभिवृद्धि गर्नुपर्छ र हाम्रो प्रतिस्पर्धी क्षमता बढी भएको उत्पादनलाई निर्यातमा प्राथमिकता दिनुपर्छ । यसले देशकै कच्चापदार्थको प्रयोग बढाउँछ, राज्यको आयस्रोत वृद्धिगर्छ र नागरिकले प्रत्यक्ष रोजगारी प्राप्त गर्छन् ।

नेपालको अर्को ठूलो औद्योगिक समस्या श्रम समस्या हो । तर, यसमा पनि सकारात्मक सन्देश सुनिन थालेका छन् । भर्खरै बारा-पर्सा औद्योगिक करिडोरमा औद्योगिक शान्ति कायम गर्ने उद्देश्यले उद्योगी र मजदूरहरूबीच सहमति भएको छ । नेपालको औद्योगिक बिकास तथा लगानीमैत्री वातावरण निर्माणमा यो सहमति महत्त्वपूर्ण छ । औद्योगिक क्षेत्रमा बन्दहड्ताल नगर्ने यस सहमतिलाई देशव्यापी गराउनुपर्ने आवश्यकता छ । कम्तीमा औद्योगिक क्षेत्र बन्दमुक्त क्षेत्र घोषित हुनुपर्छ । यसो भयो भने नेपालको औद्योगिक क्षेत्रमा लगानी भित्रन अत्यन्तै सहज हुनेछ ।

यातायात र ऊर्जाक्षेत्रको विकासमा पनि निजीक्षेत्रको उत्साहजनक सहभागिता छ । नेपाली अर्थतन्त्रका लागि यो अर्को सकारात्मक खबर हो । काठमाडौं-हेटौंडा द्रुत मार्ग निजीक्षेत्रले बनाउँदै छ । वास्तवमा यो एउटा नमुना परियोजना हो । यो परियोजना सफल भए पूर्वाधार विकासमा निजीक्षेत्रले कसरी लगानी गर्न सक्छ भनेर त्यसले एउटा मोडालिटी प्रदान गर्नेछ । र, यो परियोजनाको अनुसरण गर्नेहरू पनि धेरै नै हुनेछन् भन्ने अपेक्षा गर्न सकिन्छ ।

आज देशभित्र भएकै पूंजी पनि लगानीकर्ताहरूले ढुक्कसँग लगानी गर्न सकेका छैनन् । राजनीतिक अस्थिरताका कारण पनि लगानीकर्ता अन्योलग्रस्त मानसिकतामा छन् । तर, बिस्तारै लगानीको वातावरण बन्दै जाँदा विकास निर्माणका काम भए र औद्योगिक क्षेत्रमा लगानी भयो भने नेपालमा रोजगारीका प्रशस्त अवसरहरू सृजना हुनेछन् । मानिसहरू रोजगार बनेपछि उनीहरूको आय वृद्धि हुन थाल्छ । यसको सकारात्मक प्रभाव प्रतिव्यक्ति आयमा पर्छ । मानिसका आधारभूत आवश्यकता (गाँस, बास र कपास)को समस्या समाधान भइसकेपछि गुणस्तरीय शिक्षा, स्वास्थ्य, मनोरञ्जनलगायतको माग र उपयोग बढ्न थाल्छ । यसले बिस्तारै अर्थतन्त्रलाई चलायमान र जीवन्त बनाउँछ । र, पछिल्ला दिनमा देखिएका केही सकारात्मक घटनाक्रमहरूले नेपाल विकासोन्मुख मुलुकका रूपमा स्थापित हुन सक्ने आधार दिएका छन् ।